# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको सूचना

श्री ५ को सरकारको मिति २०५७ फागुन १८ को निर्णयानुसार देहायका अधिकृतहरूले निजामती सेवा ऐन, २०४९ को दफा ३७ को उपदफा (३) बमोजिम श्री ५ को सरकारको निजामती सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको पदबाट स्वेच्छिक अवकाश पाउन दिनु भएको निवेदन सो ऐन बमोजिम मिति २०५७ फागुन २६ देखि लागू हुने गरी स्वीकृत गरिएको छ ।

१. श्री हिरण्यलाल रेग्मी, सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय
२. श्री मोहनदेव पन्त, सचिव, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
३. श्री दानबहादुर शाही, सचिव, लोक सेवा आयोग
४. श्री डमरूबल्लभ भट्टराई, सचिव, श्रम तथा यातायत व्यवस्था मन्त्रालय
५. श्री खगेन्द्र बस्न्यात, सचिव, शिक्षा तथा खेलकुद मन्त्रालय
६. श्री कर्णबहादुर चन्द, राजपत्राङ्कित विशिष्ट श्रेणी, सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह)

आज्ञाले,
योद्धा शाह
श्री ५ को सरकारको सचिव

## भूलसुधार

२०५८ साल वैशाख १ गतेदेखि ऐ. चैत्र मसान्तसम्म सार्वजनिक एवं पर्वविदा दिने सम्बन्धी खण्ड ५० संख्या ४८ मिति २०५७।१२।६ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रमसंख्या ७ को देहाय (ख) मा "पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस" हुनु पर्नेमा "पृथ्वी जयन्ती" भन्ने शब्द छूट हुन गएकोले भूलसुधार गरिएको छ ।

गृह मन्त्रालय ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।